आज मिति २०८१ साल जेठ २७ गते बलेफी गाउँपालिकाका अध्यक्ष श्री गंगा बहादुर तामाङज्यूको अध्यक्षतामा बलेफी गाउँकार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु गरियो ।

उपस्थितिः

| क्र.सं. | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री गंगा बहादुर तामाङ | अध्यक्ष | |
| २ | श्री सरु लामा तामाङ | उपाध्यक्ष | |
| ३ | श्री हुप बहादुर खड्का | अध्यक्ष वडा नं. १ | |
| ४ | श्री छविलाल न्यौपाने | अध्यक्ष वडा नं. २ | |
| ५ | श्री रितेश तामाङ | अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री सुर्जे तामाङ | अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री यादव ठकुरी | अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री तेज बहादुर पराजुली | अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री गृबिन्द्र कुमार चौलागाई | अध्यक्ष वडा नं. ७ | |
| १० | श्री रमेश कुमार श्रेष्ठ | अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री ज्ञाने सुनार | कार्यपालिका सदस्य | |
| १२ | श्री ईश्वरी भण्डारी | कार्यपालिका सदस्य | |
| १३ | श्री रश्मी तामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री समिक्षा भूजेल | कार्यपालिका सदस्य | |
| १५ | श्री देवकी भुजेल | कार्यपालिका सदस्य | |
| १६ | श्री कविता काफ्ले | कार्यपालिका सदस्य | |
| १७ | श्री रेवन्त दहाल | सदस्य सचिव | |

आमन्त्रितः

| | | | |
|---|---|---|---|
| १ | श्री बालकृष्ण दाहाल | बरिष्ठ लेखा अधिकृत | |
| २ | श्री सञ्जय प्याकुरेल | ईन्जिनियर | |
| ३ | श्री माधव अधिकारी | सूचना प्रविधि अधिकृत | |

मिति २०८१/२/२७ को बलेफी गाउँकार्यपालिकाको बैठक

**प्रस्तावहरुः**

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।
२. कामीटार लाकुरीडाँडा कृषि सडक स्तरोन्नति योजनाको भेरियशन सम्बन्धमा ।
३. बदर्पा पुछार माझगाँउ सिंचाई योजनाको योजनाको भेरियशन सम्बन्धमा ।
४. योजनाको म्याद थप सम्बन्धमा ।
५. बालमैत्री स्थानीय शासन घोषणा सम्बन्धमा ।
६. सुनकोशी खोला र ब्रह्मायणी खोलाको प्रारम्भिक वातावरणीय अध्ययन (IEE) प्रतिवेदन स्वीकृत सम्बन्धमा ।
७. बलेफी गाउँपालिकाको अनुगमन सम्बन्धी कार्यविधि, २०८१ सम्बन्धमा ।
८. विविध सम्बन्धमा ।

**निर्णयहरुः**

१. अघिल्लो बैठकमा गरिएका निर्णयहरू सन्तोष जनक रूपमा कार्यान्वयन भएको पाइयो।
२. यस बलेफी गाउँकार्यपालिकाको कार्यालय र श्री मिझ्मा सप्लायर्स एण्ड कन्सट्रक्सन प्रा.लि.बीच मिति २०८०/०७/१९ मा रु. १११५२३१९।३२ (भ्याट र पि.एस. रकम सहित) मा सम्झौता भएको कामीटार लाकुरीडाँडा कृषि सडक स्तरोन्नति योजनाको (ठेक्का नं. BRM/NCB-01/2080-081) कार्य गर्ने क्रममा सर्भे तथा लागत अनुमान गर्दाको समयमा भन्दा कार्यान्वयन गर्दा सडकको भौगोलिक अवस्था फरक भएको साथै निर्माण स्थलमा नाला व्यवस्थापन थप गर्नु पर्ने देखिएकोले परिमाण थप गरि उक्त ठेक्काका लागि स्वीकृत लागत अनुमान अंक र स्वीकृत BOQ Amount सँग तुलना गर्दा शुरुको सम्झौता रकम भन्दा ~~५.२१~~ ८.१ प्रतिशत थपको भेरियशन आदेश नं. १ जारी गर्नुपर्ने देखिएको भनी प्राविधिक शाखाबाट पेश भए बमोजिम भेरियशन आदेश नं. १ स्वीकृत गर्ने निर्णय गरियो ।
३. यस बलेफी गाउँकार्यपालिकाको कार्यालय र श्री प्रशंसा निर्माण सेवा बीच मिति २०८०/१०/१५ मा रु. ४०८४५९४।६० (भ्याट र पि.एस. रकम सहित) मा सम्झौता भएको बदर्पा पुछार माझगाँउ सिंचाई योजनाको (ठेक्का नं. BRM/NCB-08/2080-081) कार्य गर्ने क्रममा सर्भे तथा लागत अनुमान गर्दाको समयमा भन्दा कार्यान्वयन गर्दा पाइप लाईनमा cable crossing र RVT निर्माणमा Plaster and punning को काम थप गर्नुपर्ने र अन्य item हरुको परिमाण समेत थप गर्नु पर्ने देखिएकोले परिमाण थप गरि उक्त ठेक्काका लागि स्वीकृत लागत अनुमान अंक र स्वीकृत BOQ Amount सँग तुलना गर्दा शुरुको सम्झौता रकम भन्दा १५.८३ प्रतिशत थपको भेरियशन आदेश नं. १ जारी गर्नुपर्ने देखिएको भनी प्राविधिक शाखाबाट पेश भए बमोजिम भेरियशन आदेश नं. १ स्वीकृत गर्ने निर्णय गरियो ।

गर्नुपर्ने देखिएको भनी प्राविधिक शाखाबाट पेश भए बमोजिम भेरियशन आदेश नं. १ स्वीकृत गर्ने निर्णय गरियो ।

४. बलेफी गाउँपालिका वडा नं. ८ मा रहेको पराजुली कुलायन थान खानेपानी तथा शौचालय निर्माण योजनाको म्याद २०८१ असार १५ गतेसम्म थप गर्ने निर्णय गरियो ।

५. यस बलेफी गाउँपालिकाको वडा नं. ५ निर्धारित सूचक तथा मापदण्डका आधारमा बालमैत्री वडा घोषणाका लागि अग्रसर रहेको हुँदा उक्त वडालाई बालमैत्री वडा घोषणाका लागि तयारी गराउने निर्णय गरियो ।

६. यस बलेफी गाउँपालिकाको सुनकोशी खोला र ब्रह्मायणी खोलाको प्रारम्भिक वातावरणीय अध्ययन (IEE) प्रतिवेदन परामर्शदाता श्री आर एण्ड वि इन्जिनियर्स एण्ड विल्डर्स प्रा.लि. ले पेश गरे बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

७. बलेफी गाउँपालिकाको अनुगमन सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

८. विविध

क. यस बलेफी गाउँपालिका अन्तर्गत रहेका सामुदायिक स्वास्थ्य इकाई, धुस्कोट वडा नं. ३ र सामुदायिक स्वास्थ्य इकाई,मांखा वडा नं. ६ लाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्याङ्क फाँट DHIS-2 मा अद्यावधिक गरिदिन मन्त्रालयलाई सिफारिस गर्ने निर्णय गरियो ।